



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



विवाह गर्न नगरौ हतार, जरुरी छ शिक्षा र सँस्कार

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क ३०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ७ गते मंगलबार ❑ 23 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## पोखरामा केवलकार संचालन हुनु पूर्व परीक्षण हुदै

### ६ सयमा फेवाताल किनाराबाट सराङकोटमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ मंसिर**

पोखरामा केवलकार संचालन हुने अन्तिम चरणमा पुगेको छ । अन्नपूर्ण केवलकार प्रा.लि.ले अबको केही दिनमा परिक्षण गरी नयाँ अग्रेजी महिना जनवरीदेखि केवलकार संचालनमा ल्याउने तयारी गरेको अन्नपूर्ण केवलकारका निर्देशक एवं संचालक तिर्थराज त्रिपाठीले बताए ।

केवलकारमा जडान भएका डिब्बा(गुण्डला) र टावरहरुको फिटिङ सहितको परीक्षण गर्नको लागि जापानबाट ७ सदस्य एक प्राविधिक टोलीले हाल धमाधम काम गर्दै गरेको निर्देशक त्रिपाठीले बताए । जापानीज निपुन केवलका टिम लिडर ओचीआईको नेतृत्वमा ७ सदस्य टोली विगत एक साता देखि अन्नपूर्ण केवलकार संचालनको लागि हाल फिनिसिङको काम सहित अब परिक्षण गर्ने गरी तयारी सुरु गरेको उनले जनाए । निर्माण कम्पनीले म्याद थपेकोले र कोरोनाको कारणले गर्दा निर्धारित मिति भन्दा करिब ४ बर्ष ढिलो गरी हाल उक्त केवलकार संचालन हुने गरी केही दिनमै परिक्षण सुरु हुने भएको निर्देशक त्रिपाठीले बताए । उनले भने "अब हामीले अग्रेंजी नयाँ बर्ष जनवरीदेखि अनौपचारिक रुपमा केवलकार संचालन गर्ने छौं, फेब्रुअरी



देखि व्यवसायीक रुपमै केवलकार संचालन हुने गरी तयारी समेत हामीले गरेका छौं ।" केबलकारमा यात्रा गर्दा हिमाल, ताल, हरियो वन जंगल तथा पोखराको मनोरम दृश्यावलोकन गर्न सकिने त्रिपाठीले बताए । केबलकार निमार्ण भए पछि फेवातालको किनार सेदीबगरबाट ८ देखि ९ मिनेटमै सराङकोट पुग्न सकिने उनले जनाए । अहिले फेवाताल क्षेत्रबाट सराङकोट जान गाडीबाट करिब ३० मिनेट लाग्छ । नेपालीहरुको लागि केवलकारमा जाने र आउने शुल्कः ६ सय रुपैया निर्धारण गरिएको कम्पनीले जनाएको छ । विदेशीहरुलाई १५ देखि २० प्रतिशतसम्म बढी शुल्क लिने र स्थानीय, विद्यार्थीहरु लगायतका लागि विषेश छुटको समेत व्यबस्था गनिरे भएको निर्देशक त्रिपाठीले जनाए । उक्त परियोजनाका प्राविधिक इन्चार्ज डिएन कायस्थले केही दिन पछि लोड परिक्षण गरी छिटै व्यवसायीक रुपमा संचालन गर्ने तयारी गरिएको बताए । अन्तराष्ट्रिय मापदण्ड अनुसार सवै प्रकारको चरण पार गरे पछि मात्र व्यवसायीक रुपमा संचालन गर्ने उनले जनाए । अत्याधुनिक प्रविधिमा आधारित इकुपमेन्टहरु जडान भएकोले पूर्ण सुरक्षित हुने प्राविधिक इन्चार्ज कायस्थले दाबी गरे । करिब डेढ बर्षमा निर्माण कार्य सकिने भनि उक्त केवलकारको शिलान्यास गरिए पनि पहिलाको डिजाइनमा स्टेशन सहितको भवन संरचना परिवर्तन हुनु, जग्गा खरिद गर्दा लगायतका कारणले उक्त परियोजनामा लगानी हाल करिब २ अर्ब पुग्ने भएको निर्देशक त्रिपाठीले बताए । २.४ किलोमिटर दुरीमा हाल १८ वटा टावर रहेकाछन भने एक सामान वोक्ने सहित १८ वटै गुण्डला (डिब्बा) रहेका छन् । प्रति डिब्बामा ८ जनाको सिट क्षेमता रहने छ । उक्त कम्पनीले हाल करिब २५ जनालाई रोजगार दिदै आएको छ भने व्यावसायीक रुपमा केवलकार संचालन भएसँगै ८० जनालाई प्रत्यक्ष रुपमा रोजगार दिने भएको छ । पोखराको फेवाताल किनारा र सराङकोटलाई जोड्ने गरी पोखरामा पर्यटनको नयाँ प्रोडक्टको रुपमा आफुहरुले विकसित गर्न खोजिएको त्रिपाठीले बताए । उक्त केवलकारमा करिब ३६ वटा भन्दा बढी डिब्बा क्षमताको भएको उनले जनाए । केबलकारमा युवा व्यवसायी कालु गुरुङ सहितका नेपाली व्यवसायी ७५ प्रतिशत, पूर्व जापानी नागरिक टाकासी मियाहाराको १५ प्रतिशत र स्थानीय को १० प्रतिशत लगानी रहेको प्रालिले जनाएको छ ।

अन्नपूर्ण केबलकार प्रालिका अध्यक्ष कालु गुरुङ रहेका छन् । केबलकार निर्माणको जिम्मा चितवन कोई समूहले पाएको हो । नेपालमा सञ्चालनमा रहेका मनकामना र चन्द्रागिरी केबलकार जस्तै भएपनि यो केबलबार नयाँ प्रविधि प्रयोग भएको अध्यक्ष गुरुङले बताउदै आएका छन् ।

माथिल्लो स्टेशन भवन सहित स्काई हेवन वेलुन रेष्टुरेन्ट, भ्यु टावर निमार्ण भएको छ भने तल्लो स्टेशनमा पार्किङ, गार्डेन सहितको संरचना निमार्ण भएको छ । स्टेशन निर्माण गर्ने बिषयमा पहिला स्टिल फेब्रिकेशन मोडल निमार्ण गर्ने लक्ष्य राखे पनि पछि आएर आरसिसि (कंक्रिट) मोडलमा निमार्ण गरेकोले लागत बढ्न गएको त्रिपाठीले बताए ।

## देशभर कांग्रेसको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन

**रासस**
**काठमाडौं, ६ मंसिर**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत सोमबार प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा पार्टीको अधिवेशन प्रारम्भ भएको छ ।

तोकिएको मितिमा सोमबार १२५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा अधिवेशन प्रारम्भ भएको पार्टी कार्यालयले जनाएको छ ।

मुलुकका कूल १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये यसअघि १६ निर्वाचन क्षेत्रमा अधिवेशन सम्पन्न भइसकेको छ । बाँकी १४९ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा सोमबार अधिवेशन निर्धारण गरिएको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । अधिवेशन प्रारम्भ भएका जिल्लामा मतदान भई परिणाम प्राप्त भएको, मनोनयन गरी मतदान तोकिएको, सर्वसम्मतिको प्रयास भइरहेकोलगायतका देशभरबाट जानकारी प्राप्त भइरहेको कांग्रेस केन्द्रीय कार्यालयका सूचना अधिकारी केशव रिजालले जानकारी दिनुभयो । सोमबार प्रारम्भ हुन नसकेका निर्वाचन क्षेत्रमा समितिको सहमतिमा भोलिदेखि अधिवेशन प्रारम्भ हुने उहाँले बताउनुभयो ।

यस अधिवेशनबाट पार्टीको केन्द्रीय नेतृत्व चयन गर्ने महाधिवेशन प्रतिनिधि निर्वाचित हुनेछन् । हालको विधानअनुसार प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा २५ जनाका दरले महाधिवेशन प्रतिनिधि चयन हुनेछन् । चौधौँ महाधिवेशनका लागि गत भदौ १८ गतेदेखि वडास्तरीय अधिवेशन प्रारम्भ गरेको कांग्रेसले त्यसयता अधिकांश जिल्लामा पालिकास्तरको अधिवेशन र यही मङ्सिर ३ गतेदेखि प्रदेशसभा क्षेत्रीय अधिवेशन प्रारम्भ गरिसकेको छ ।

कांग्रेसको पछिल्लो संशोधित अधिवेशन कार्यतालिकाअनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन/एक क्षेत्रमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन मङ्सिर ६ गतेका लागि निर्धारण गरिएको थियो । यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन यही मङ्सिर १० गते हुँदैछ भने प्रदेश अधिवेशन मङ्सिर १६ र १७ गते गर्ने कार्यतालिका छ । कांग्रेसको १४औँ महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौँमा हुनेछ ।

एकमात्र निर्वाचन क्षेत्र भएका अधिकांश १६ उच्च पहाडी तथा हिमाली जिल्लामा भने कांग्रेसले जिल्ला अधिवेशन नै सम्पन्न गरिसकेको समितिले जनाएको छ । क्रियाशील सदस्यताको विवादका कारण ७७ जिल्लामध्ये सर्लाहीमा भने वडा अधिवेशन प्रारम्भ हुन बाँकी छ ।

## स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली संकलन हुने

**रासस**
**काठमाडौं, ६ मंसिर**

निर्वाचन आयोगले ७७ निर्वाचन कार्यालय, ७७ जिल्ला प्रशासन कार्यालय र विभिन्न ४० इलाका प्रशासन कार्यालयबाट हाल भइरहेको मतदाता नामावली संकलनलाई निरन्तरता दिँदै स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली संकलन कार्यक्रम सुरु गर्ने भएको छ ।

आयोगले यही मङ्सिर १७ गतेदेखि उल्लेखित कार्यालय रहेका स्थानीय तहबाहेकका ६३७ स्थानीय तहको केन्द्रमा समेतमतदातानामावलीसंकलनसम्बन्धी विशेष कार्यक्रम अभियानका रूपमा सुरु गर्न लागेको जनाएको छ । मतदाता नामावली संकलन कार्य हिमाली र पहाडी जिल्लाका स्थानीय तहमा १० दिनसम्म सञ्चालन हुनेछ भने तराई, भित्री मधेस तथा काठमाडौँ उपत्यकाका स्थानीय तहमा १५ दिनसम्म सञ्चालन हुने आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा (पौडेल)द्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

विसं २०७४ मा निर्वाचित स्थानीय तहका पदाधिकारीको पदावधि समाप्त हुन लागेको र प्रचलित कानुनी व्यवस्थाबमोजिम निकट भविष्यमै स्थानीय तहको निर्वाचन सम्पन्न गर्नुपर्ने भएको छ । आगामी निर्वाचनको मिति घोषणा हुनुभन्दा अगावै मतदाता नामावलीमा नाम दर्ता गर्न योग्यता पुगेका कोही पनि नेपाली नागरिक मताधिकारबाट वञ्चित हुन नपरोस् भनी आयोगले सो अभियान सञ्चालन गर्न लागेको हो ।

संकलन कार्य हरेक जिल्लामा दुई चरणमा हुने भएकाले सम्बन्धित निर्वाचन कार्यालयबाट प्रकाशित कार्यक्रम हेरी आफ्नो स्थानीय


बाँकी अन्तिम पृष्ठमा ▶▶


## वृत्तीबिकास रोकिएको भन्दै का.वा मेयर र प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ मंसिर**

लामो समय देखि वृतीविकास र स्थायीत्व नभएको भन्दै पोखरा महानगरपालिकाका स्थानीय तहतर्फका कर्मचारीहरुले कार्यबाहक प्रमुख मञ्जुदेवी गुरुङ्ग र प्रमुख प्रशासकीय अधिकृत महेश बराललाई ज्ञापन पत्र वुझाएका हुन ।

विभिन्न पाँच बुँदे माग राख्दै उनिहरुले एकहप्ता भित्र आफुहरुका मागका सम्वन्धमा सुनुवाई नभए आन्दोलनमा उत्रने चेतावनी दिएका छन् । स्थानीय सरकारको रुपमा रहेको महानगरले आफैले कानून बनाएर कार्यान्वयन गर्न सक्ने भएपनि कर्मचारीहरुको समस्याका सम्वन्धमा उदासिन बनेको भन्दै कर्मचारीहरु आन्दोलित बनेका हुन । महानगरपालिका संयुक्त कर्मचारी समितिका अध्यक्ष इञ्जिनियर झपट बहादुर थापाको नेतृत्वमा विभिन्न कर्मचारी संघ संगठनका प्रतिनिधि सहितको टोलीले कार्यवहाक मेयर र प्रमुख प्रशासकिय अधिकृतलाई ज्ञापन पत्र वुझाएको हो ।

आन्दोलित कर्मचारीहरुले सरकारले कर्मचारी समायोजन ऐन बनाएर निजामति सेवा तर्फका कर्मचारीहरुलाई दुई तह बृद्धि गरी स्थानीय तहमा पठाएको उल्लेख गर्दै, लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम परिक्षा प्रणालीमा



उर्त्तिण भै कामकाज गरेका स्थानीय तहका कर्मचारीलाई विभेद गरिएको बताएका छन् । महानगरले कानून बनाएर स्थानीय तहका कर्मचारीको व्यवस्थापन नगर्दा १५ बर्ष देखि कर्मचारीहरुको बढुवा रोकिदा कर्मचारीहरु मर्कामा परेका छन् । यसैगरी २०६४ असोज मसान्त अगाडी अस्थायी र करारमा नियुक्त भएका कर्मचारीहरुको सम्वन्धमा सम्मानित अदालतले गरेको परमादेश कार्यान्वयन गर्न समेत कर्मचारीहरुले माग गरेका छन् । कर्मचारीहरुले अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुले खाइपाई आएको सेवा सुविधा कटौती गरिएको भन्दै आपत्ति जनाएका छन् । विगतमा कार्यालयले कर्मचारी संचयकोष, महङ्गी भत्ता, पोशाक भत्ता लगायतमा गरेको व्यवस्था कायम गर्न समेत माग गरेका छन् । अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको सेवा सुनिश्चितता पछि मात्रै नयाँ दरवन्दी सिर्जना गरी कर्मचारीको भर्ना प्रक्रिया अघि वढाईनु पर्ने र अन्यत्रबाट महानगरमा जथाभावी कर्मचारी ल्याउने काम बन्द गरिनु पर्ने माग समेत राखेका छन् ।

कर्मचारीहरुले महानगरको कर तथा राजश्वलाई करमैत्री बनाइनु पर्ने, सेवा प्रवाहलाई नागरिक मैत्री एवं बेरुजु र बेथितिको सुधार गर्दै शुसासन मैत्री बनाउन तत्काल कार्ययोजना बनाईनु पर्नेमा समेत जोड दिएका छन् । पोखरा महानगरपालिकामा गाभिए पछि आएको लेखनाथ नगरपालिका र विभिन्न गाविस एवं उपमहानगर समेतका गरी स्थायी, अस्थायी, करार र ज्यालादारी गरी झण्डै पाँचसय कर्मचारीहरु स्थानीय तहतर्फका कार्यरत रहेका छन् ।


## आगलागीबाट लेकसाइडका पाँच पसल क्षति

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ मंसिर**

पर्यटकीय सहर पोखराको लेकसाइडमा सोमबार एकाबिहान आगलागी हुँदा पाँच पसलमा क्षति पुगेको छ ।

बिहान फेवाताल किनार फुटट्र्याकमा रहेको एक पसलबाट सुरु भएको आगलागीबाट सँगैका पाँच पसल जलेका हुन् । रेष्टुराँ, खाजा पसल र जुस सेन्टरलगायतका पसलमा आगलागीले क्षति पुऱ्याएको वडा प्रहरी कार्यालय बैदामका कार्यालय प्रमुख एवं प्रहरी नायब उपरीक्षक चिनिमायाँ तामाङले जानकारी दिनुभयो ।

प्रहरीले आगलागीको कारण खुल्न नसकेको र थप अनुसन्धान भइरहेको जनाएको छ । दमकलको सहायतामा प्रहरी, नेपाली सेना र स्थानीयवासीले आगो नियन्त्रणमा लिएका थिए । प्रारम्भिक अनुसन्धानमा रु एक करोड ५० लाख मूल्य बराबरको क्षति पुगेको जनाउँदै उहाँले भन्नुभयो, "आगलागीबाट भएको क्षतिको मुचुल्का गर्ने काम भइरहेको छ । विद्युत् सर्ट भएर हो वा अन्य कारणबाट आगलागी भयो भनेर हामीले अनुसन्धान गरिरहेका छौँ ।"



# भगवती विद्यालयलाई युके नागरिकको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभुम्दी, कालाबाङ घरेडीमा रहेको भगवती आधार भूत विद्यालयलाई वेलायत निवासी ब्रिगेडियर जोन ब्रिवरले आर्थिक सहयोग गरेका छन् ।



विद्यालयका भुपु विद्यार्थी कृष्णबहादुर गुरुङका धर्मपिता जोन ब्रिवरले पठाएको ३२ हजार दुई सय सोमबार विद्यालयका प्रधानाध्यापक डिलकुमारी गुरुङ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाशचन्द्र गुरुङलाई हस्तान्तरण गरेका थिए । जोनले यस अगाडि पनि विद्यालयलाई पटक पटक गरी २० हजार आर्थिक सहयोग गरिसकेका विद्यालयका निर्वमान अध्यक्ष यामबहादुर गुरुङले वताउनु भयो ।

सो अवसरमा अभिभावक संघका पुर्व अध्यक्ष तथा वर्तमान सल्लाहकार खेमराज वराल, कृष्णबहादुर गुरुङ, मिना गुरुङ, धनु गुरुङ, राजु गुरुङ, विरबहादुर गरुङ र तोलबहादुर गुरुङलगाएको उपस्थिति रहेको थियो ।

# थप ३८५ मा कोरोना संक्रमण पुष्टि, चारको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

देशभर पछिल्लो २४ घण्टामा थप ३८५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । बाह्र हजार ६७९ जनाको पिसिआर परीक्षण गरिएको थियो ।

योसँगै नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या आठ लाख १९ हजार ३८६ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ३३२ पुगेको छ । पछिल्लो समय थप २५८ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख ६१७ पुगेको छ । निको हुने दर ९७ दशमलव ७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट थप चार जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५०० पुगेको छ । कोरोनाबाट हुने मृत्यु दर १.४ प्रतिशत रहेको छ । त्यसैगरी, पछिल्लो समय ७१ हजार ४८३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार २६९ रहेको छ । होम आइसोलेसनमा ६ हजार ८२७, संस्थागत आइसोलेसनमा ४४२, आइसियूमा २३० र भेन्टिलेटरमा ५५ जनाको उपचार हुँदैछ ।

# ए डिभिजन लिग फुटबलम खेलमा मछिन्द्र क्लब विजयी

रासस
काठमाडौं, ६ मंसिर

साविक विजेता मछिन्द्र फुटबल क्लबले न्युरोड टिम (एनआरटी)लाई पराजित गर्दै सहिद स्मारक ए डिभिजन लिग फुटबलमा विजयी सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा न्युरोड टिम एनआरटीलाई २-१ गोल अन्तरले पराजित गर्दै मछिन्द्रले सुखद सुरुआत गरेको हो । मछिन्द्रका लागि सुनिल बलले दुई गोल गर्नुभयो । एनआरटीका लागि एरिक विष्टले सान्त्वना गोल गर्नुभयो ।

खेलको पहिलो हाफको १२औँ मिनेटमा बलले गोल गर्दै मछिन्द्रलाई सुरुआती अग्रता दिलाउनुभयो । विशाल राईको पासमा उहाँले गोल गर्नुभयो । त्यस्तै खेलको ५४औँ मिनेटमा एरिक विष्टले फ्री-किक प्रहार गर्दै गोल गर्नुभयो । देवेन्द्र तामाङले स्टेफेन समिरलाई फउल गरेपछि एनआरटीले फ्री-किकको अवसर पाएको थियो । एरिकले त्यसको सदुपयोग गर्दै गोल गर्नुभयो ।

खेलको ८० औँ मिनेटमा सुनिलले व्यक्तिगत दोस्रो गोल गर्दै मछिन्द्रलाई २-१ ले जित दिलाउनुभयो । जितसँगै मछिन्द्रले पहिलो खेलमा ३ अङ्क जोडेको छ । सो खेलको म्यान अफ दी म्याच मछिन्द्रका सुनिल बल घोषित हुनुभयो ।

# भाष्कर स्मृति प्रतिष्ठानमा सापकोटा

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

कास्की जिल्लाको मादी गाउँपालिका वडा नं ४ निवासी समाजसेवी भाष्कर सापकोटाका सन्तानको पहलमा भाष्कर स्मृति प्रतिष्ठानको प्रथम भेलाले याम बहादुर सापकोटाको अध्यक्षतामा ९ सदस्यीय कार्य समिति गठन गरेको छ ।

समितिको संरक्षकमा भिम बहादुर सापकोटा र सल्लाहाकारहरू बुद्धि बाहादुर सापकोटा, युवराज सापकोटा (क्षेत्री), दुर्ग बहादुर क्षेत्री (सापकोटा), बुद्धी बहादुर सापकोटा र शान्ती देबी सापकोटा रहेका छन् ।

प्रतिष्ठानको उपाध्यक्षमा सुर्य बहादुर सापकोटा, सचिवमा सिता सापकोटा, कोषाध्यक्षमा शुसीला रानाभाट (सापकोटा) र सदस्यहरुमा सृजना राना सापकोटा, सुर्य कुमारी सापकोटा, लक्ष्मी सापकोटा, ज्योति सापकोटा, निशा रानाभाट सापकोटा चयन भएका छन् ।

त्यसैगरि सो अवसरमा प्रतिष्ठानका ३० जना जेष्ठ सदस्यहरुलाई सम्मान गरेको कार्यक्रम संयोजक अमर सापकोटाले वताए ।

# स्थानीय...

तहमा कार्यक्रम सञ्चालन हुने अवधिका बारेमा जानकारी प्राप्त गर्न सकिनेछ । उक्त नामावली सङ्कलन अभियानमा १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकता प्राप्त गरेका सबै नागरिकको मतदाता नामावलीको विवरण सङ्कलन कार्य हुने विज्ञप्तिमा उल्लेख छ ।

अ ा य ा े ग ले तोकेको मितिमा १८ वर्ष उमेर पूरा गरेका नागरिकको नाम मतदाता नामावलीमा समावेश गरिनेछ । विभिन्न रोजगारी वा अध्ययनको सिलसिलामा आफ्नो जिल्लाबाहिर रहेका नागरिकलाई समेत सहज रूपमा मतदाता दर्ता प्रक्रियामा सहभागी गराउन मङ्सिर १७ गतेदेखि निरन्तर रूपमा सबै निर्वाचन कार्यालयबाट अन्य जिल्लामा स्थायी ठेगाना रहेका नागरिकको समेत मतदाता नामावली सङ्कलन कार्य सुरु गरिने आयोगले जनाएको छ ।

मतदाता नामावली सङ्कलन विशेष कार्यक्रममा देशभर करिब दुई हजार ३०० कर्मचारी प्रत्यक्ष रूपमा संलग्न हुनेछन् । विसं २०७८ पुस २० गतेभित्र सबै स्थानीय तहमा मतदाता नामावलीको सङ्कलन कार्य सम्पन्न भइसक्नेछ । विसं २०७७ पुस ५ गते १८ वर्ष उमेर पूरा गरेका नागरिकलाई समावेश गरी आयोगबाट २०७७ साल चैत ४ गते प्रकाशित अन्तिम मतदाता नामावलीबमोजिम देशभर एक करोड ६२ लाख ४३ हजार ११० मतदाता कायम रहेकामा यस कार्यक्रमबाट देशभर करिब १० लाख मतदाता थप हुने अनुमान गरिएको छ ।

## Phedikhola Rural Municipality
## Office of Rural Municipal ExecutivePhedikhola, Syangja
## Gandaki Province, Nepal

# Invitation for Bids

**First date of Publication: 23th November, 2021**

1. Phedikhola Rural Municipality, Syangja has allocated funds towards the cost forProcurement of 4WD Vehicle (Ambulance) to Phedikhola Rural Municipality (Custom/Tax free process) and intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-G-NCB-29-078-79. The estimated cost of the vehicle is NRs. 2,300,000.00 (Including Transportation, VAT &other Taxes). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja invites sealed and or electronic bids from eligible bidders for the Procurement of 4WD Vehicle (Ambulance) to Phedikhola Rural Municipality (Custom/Tax free process)under National Competitive Bidding procedures specified in public procurement act and regulations.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature: Successfully or substantially supply of 10 vehicles to the government or governmentowned agencies with minimum cost of NRs. 1,800,000.00 (Including VAT)within the last three years.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of bidding documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate upon payment of a non-refundable fee of NRs. 3000.00 during office hour of 22 December, 2021.
   OR
   A complete set of bidding documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of bid documents (Non-refundable fee of NRs. 3000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
   Office Account Number: 06500308CA; AantarikRajaswaKhata (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjaby handor through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00hrson 23-December-2021. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of bidders' representatives who choose to attend at 12:00 hrs on 23-December-2021 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security in case of hard copy submission or scanned copy of bid security(in pdf format) in case of e-bid, amounting to a minimum of NRs.58,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjahas right to accept or reject the submitted bids wholly or partially.


कर्मचारी आवश्यकता

यस आयुर्वेदिक क्लिनिकको लागि तपसिल बमोजिमका योग्य कर्मचारी आवश्यकता परेको हुँदा योग्य व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पदः | संख्या |
|---|---|
| ल्याव टेक्निसियन | १ जना |
| ल्याव एसिष्टेन्ट | १ जना |
| सिएमए | २ जना |
| अनमी | २ जना |
| कार्यालय सहयोगी | १ जना |

सम्पर्कः
रश्मी आयूर्वेदिक क्लिनिक
पोखरा-१०, इन्द्रचोक
फोनः ०६१- ४३१४००, ९८५६०२२६०७

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

पायल्सका बिरामीको उपचार सेवा

२०७८ मंसिर ९ र १० गते
डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ
यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा
काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन)
यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला ।

लक्षणहरु : १. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने । २. दिशागर्ने ठाँउमा मासु पलाएको । ३. दिशा राम्रोसंग नखुल्ने । ४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस । ५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने ।

पेट सम्बन्धी रोगहरुः ग्याष्ट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी ।
क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा ।

पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै फोन नं. ०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६
फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# प्रधानन्यायाधीशको अधिकार कटौती

प्रधानन्यायाधीशले तोक्दै आएको पेशी अब हटेको छापेशी तोक्दा देखि भ्रष्टाचार हुने गरेको र विचौलीया मार्फत न्याय किनबेच भएको भन्दै न्यायाधीशहरू र कानुन ब्यवसायीहरु आन्दोलनमा छन । प्रधानन्यायाधीश चोलेन्द्र सम्शेर राणाले अदालतमा बढेको भ्रष्टाचार रोक्नुको साटो बढाउने काम गरेको र पेशी तोक्दादेखि नै भ्रष्टाचार हुने गरेको भन्दै राजिनामा माग गरिएको छाप्रधानन्यायाधीश राणाले राजिनामा नदिएको हुँदा अधिकार कटौती गर्न पेशी तोक्न नदिन गोला प्रथा ल्याउन खोजिएको हो । लामो प्रयासपछि सर्वोच्च अदालतमा गोलाप्रथा लागु गर्ने नियमावली राजपत्रमा प्रकाशित भएको छ ।

गएको साता सर्वोच्च अदालतको फुलकोर्ट नियमावली संसोधन गरी कानुन मन्त्रालयमा नियमावली पठाएको थियो । उक्त नियमावली सोमबार राजपत्रमा प्रकाशित भएको छा राजपत्रमा प्रकाशित भएको उक्त नियमावली अब फुलकोर्टको निर्णयबाट लागु हुनेछ । गोलाप्रथा लागु गर्न अब सर्वोच्च प्रशासन र प्राविधिक पक्षले पनि तयारी गर्नुपर्नेछ । नियमावली राजपत्रमा आयो । अब गोलाप्रथामा जान कानुनी हिसाबले योग्य भएको हो । गोलाप्रथा कसरी लागु गर्ने कहिलेबाट लागु गर्ने निर्णय फेरी फूर्लकोर्ट बसेर गर्छ । प्रशासनिक प्रकृया र प्राविधिक प्रकृया मिलाएपछि बल्ल गोलाप्रथाबाट पेशी तोक्न सकिनेछ । त्यसको तयारी अहिले भइसकेको छा गोलाप्रथा लागू भएपछि सबै किसिमका मुद्दाको सुनुवाइ हुनेछ ।

नियमावली लागु भएसँगै सर्वोच्च अदालतको पेशी तोक्ने प्रधानन्यायाधीशको अधिकार विधिवत रुपमा कटौती हुनेछ । न्यायिक विचलन, नैतिकता गुमाएका राणाको लागि राजिनामाका लागि थप दबाबका लागि अधिकार कटौती हो । सर्वोच्च अदालतको पेशी व्यवस्थापनमात्र होइन त्यहाँ आएका समस्या पनि आजसम्म प्रधानन्यायाधीशले गर्दै आएका थिए । अब भने पेशीमा आएका समस्याहरूको समाधान गर्ने एउटा निर्देशन समिति बन्ने नियमावलीमा उल्लेख छ । प्रधानन्यायाधीशको अध्यक्षतामा बनेको उक्त समितिले पनि समाधान गर्ने नसके उसले फूर्लकोर्टमा पेश गर्ने छ ।

न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वमा गठित समितिले न्यायालयमा पेशी व्यवस्थापनमा हुने विसंगति रोक्न गोलाप्रथाबाट पेशी तोक्नुपर्ने सुझाव दिएको थियो । प्रधानन्यायाधीश चोलेन्द्र शमसेर राणाले कार्यान्वयन गर्ने जनाए पनि गोलाबाट पेशी तोक्ने व्यवस्था लागु गर्न आनाकानी गर्दै आएका थिए । अहिले उनीविरूद्ध आन्दोलनरत न्यायाधीश र नेपाल बार एशोसिएसनको एउटा माग गोलाप्रथाबाट पेशी तोक्ने प्रकृया लागु गर्नुपनि हाे । नेपालबारले केही वर्षदेखि गोलाप्रथा लागु गर्ने माग उठाउँदै आएको थियो । सर्वोच्चदेखि तल्ला अदालतमा पनि गोला प्रथाको माग उठेको छागोलाप्रथा हुँदै स्वचालित प्रणालीमा जानका लागि आधार तयार गर्ने बाटो खुलेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सम्मान मिल्नेछ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कीरा फैलिन नदिन झरेका सुन्तलाका दानाको व्यवस्थापन

– सन्तोष गौतम
म्याग्दी, ६ मंसिर

म्याग्दीमा चाइनीज सिट्रोस फ्रुट फ्लाई नामक कीराको सङ्क्रमणबाट झरेका सुन्तलाको दाना व्यवस्थापन गर्न थालिएको छ । केही वर्षयता सुन्तला पाक्ने बेलामा दानाभित्र चाइनीज सिट्रोस फ्रुट फ्लाई र सिट्रोस ग्रिन नामक कीराको असरले दाना झर्न झरेर किसानलाई सताउँदै आएको छ ।

औँसा परेर झरेका सुन्तलाको दानालाई सुरक्षित राख्न र पासो थाप्नका लागि प्राविधिक ज्ञान दिनस्थलगत तालिम सुरु गरिएको कृषि ज्ञान केन्द्रका कृषिप्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो । उहाँका अनुसार बेनी नगरपालिका-४ बास्कुना र अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका किसानलाई बगैँचामै औँसाले झरेका दाना तथा बगैँचा व्यवस्थापन र सरसफाइ गर्ने तालिम दिइएको छ । अर्मन, बरङ्जामा पनि तालिम सञ्चालनको तयारी गरिएको छ ।

स्थलगत तालिम सञ्चालनका लागि केन्द्रले रु दुई लाख बजेट छुट्याएको छ । यसैगरी सिट्रोस फ्रुटफ्लाई कीरा मार्ने खाद्यपासो प्रोटिन बेट र झरेका दाना व्यवस्थापन गर्ने प्लास्टिकको बोरा वितरणका लागि रु दश लाख छुट्याएको छ । तीन हजार किलोग्राम प्लास्टिकको बोरा वितरण गर्ने लक्ष्य लिइएको अधिकृत पाण्डेले बताउनुभयो । गतवर्ष प्रोट्रिन बेटको खाद्य पासो राखिएकाले झरेका दाना व्यवस्थापन भएको बगैँचामा यसपाली कीराको प्रकोप घटेको हुँदा यस अभियानलाई विस्तार गरिएको केन्द्रका प्रमुख किरण सिग्देलले बताउनुभयो । पाक्ने बेलामा दाना झर्ने समस्याले गर्दा केही वर्षयता जिल्लामा सुन्तला खेती मुख्य चुनौतीको रुपमा देखा पर्दै आएको छ ।

सुन्तलाको बोट सुक्ने र दाना झर्ने समस्याका कारण ठूलो क्षति भएको बेनी नगरपालिका-३स्थित राखुका खिमबहादुर पुनले बताउनुभयो । कात्तिकको अन्तिम हप्तादेखि सुन्तलाको दाना झर्न थालेको त्यहाँका किसानले बताएका छन् । सुन्तला जातका फलफूलको दानाभित्र पसेको औँसाले असोजदेखि पुस महिनासम्म पहेँलो बनाएर दानामा प्वाल पारेर भूइँमा खसाल्ने गर्छ । किसानलाई झरेका दाना व्यवस्थापन गर्न सिकाउनाका साथै आगामी वर्ष समस्या आउन नदिन प्रोटिन बेट वितरण गर्न थालिएको प्रमुख सिग्देलले बताउनुभयो ।

उहाँका अनुसार भुइँमा खसेको औँसालाई प्लास्टिकको बोरामा हावा नछिर्ने बनाएर राख्ने, पानीको पोखरीमा डुबाउने, गाईबस्तुलाई खुवाउने र डेढफिटभन्दा बढी गहिरो खाडल खनेर व्यवस्थापन गर्नुपर्ने हुन्छ । जेठ असारमा दानाभित्र पस्ने औँसा चिसो मौसममा जमिनभित्र बस्छ । आगामी वर्ष यस्तो समस्या हुन नदिन झरेको दाना व्यवस्थापन गर्ने र चैत वैशाख महिनामा प्रोट्रिनबेटसँगै विषादी मिसाएर बोटमा छर्कनुपर्ने कृषि प्राविधिकले बताएका छन् । यसैगरी सुन्तलाको रुख र हाँगाभित्र गबारो छिरेर खाएपछि बोट पहेँलो भएर सुक्ने समस्या पनि देखिएको छ । प्रोटिन बेटमा दाना झार्ने कीरालाई मन पार्ने तत्व मिसाइएको हुन्छ । खानेकुरासँगै विषादी खाएर कीरा मर्छ र नियन्त्रणमा सहयोग पुग्छ । रुख सुक्ने समस्या समाधानका लागि बगैँचा व्यवस्थापन र सुकेका हाँगा काँटछाँट गर्न कृषिप्रसार अधिकृत पाण्डेले सुझाव दिनुभयो ।

फल टिपेपछि मलजल, गोडमेलसँगै बोडेपेष्ट लगाउने र स्प्रे गर्न पनि उहाँको आग्रह थियो । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा छन् । सातसय छ हेक्टर जमिनमा सुन्तला खेती भएको केन्द्रको तथ्याङ्क छ । तीनसय पैँतिस हेक्टर जमिनमा लगाइएको बोटले उत्पादन दिँदै आएको थियो । गतवर्ष दुई हजार ४१२ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । यहाँको सुन्तला पोखरा, चितवन, बुटवल र काठमाडौँमा निकासी हुन्छ ।

# गलेश्वर–भगवती सडक कालोपत्रे सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ६ मंसिर

म्याग्दीको रघुगङ्गा गाउँपालिकाको गलेश्वर-पिप्ले-भगवती-बेगखोला सडक आयोजनाका ठेकेदार छ महिनापछि काममा फर्किएका छन् ।

रघुगङ्गाको वडा नम्बर ३ पिप्लेदेखि वडा नम्बर २ को भगवती जोड्ने सडक कालोपत्रे गर्न पूर्वाधार विकास कार्यालयद्वारा सञ्चालित आयोजना गत जेठ महिनादेखि रोकिएको थियो । कार्यालयका प्रमुख सन्तोष अर्यालले कोरोना भाइरसको जोखिम, निषेधाज्ञा र बर्खाको प्रतिकूल मौसमका कारण रोकिएको आयोजनाका काम व्यवसायीले काम सुचारु गरेका जानकारी दिनुभयो । "एक्साभेटर र ब्याकुहोलोडर परिचालन गरेर पहिरो पन्छाउन र नाली खन्न थालेका छन्", उहाँले भन्नुभयो, "मजदुरमार्फत पर्खाललगायत संरचना निर्माणको तयारी गरेका छन् ।" गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र १ नमूना सडक कार्यक्रम' अन्तर्गत विसं २०७६ देखि सुरु भएको आयोजनाको एपेक्स-खड्का कृष्ण जेभीले रु १८ करोड ४९ लाख ८३८ मा ठेक्का सम्झौता गरेको थियो ।

विसं २०७८ जेठ २४ गते सकिएको ठेक्काको म्याद कोरोना भाइरस रोकथामका लागि गरिएको निषेधाज्ञाका कारण सरकारको नीतिअनुसार २०७८ चैत मसान्तसम्म थपिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । कच्ची र साँघुरो अवस्थाको आठ किलोमिटर दूरीको सडकलाई ग्रेड मिलाई आठ मिटर फराकिलो बनाएर ५.५ मिटर चौडाइमा कालोपत्रे गर्न सञ्चालित आयोजनाको हालसम्म ४५ प्रतिशत भौतिक प्रगति भएको छ । पिप्लेको रघुगङ्गा मावि अगाडिदेखि भगवतीसम्मको पाँच किलोमिटर खण्डको अधिकांश ठाउँमा सडक विस्तार, पर्खाल र नाली निर्माण भइसकेको निर्माण कम्पनीका इञ्जिनियर रामु कडेलले बताउनुभयो । "संरचना निर्माण भएको ठाउँमा कालोपत्रे गर्न राखिने नदीजन्य कच्चा पदार्थको अभाव भएको छ", उहाँले भन्नुभयो "बेश राख्ने सामान पायौँ भने चैत महिनासम्म कालोपत्रे गरिसक्ने योजनामा छौं ।" सडक निर्माणका लागि आवश्यक नदीजन्य निर्माण सामग्रीको व्यवस्थापनका लागि सहजीकरण गरिदिन गाउँपालिका, पूर्वाधार विकास कार्यालय, जिल्ला समन्वय समिति र प्रशासनलाई ठेकेदारले आग्रह गरेको छ ।

गलेश्वरदेखि बगैँचा र बगैँचादेखि रघुगङ्गा माविको भवन अगाडिसम्मको करिब तीन किलोमिटर सडकमा भने यो आयोजनाले काम नगर्ने भएको छ । गलेश्वरदेखि बगैचासम्मको सडक पहिरोको जोखिमका कारण काम रोकिएको हो । बगैँचादेखि रघुगङ्गा माविसम्मको सडक राहुघाट जलविद्युत् आयोजनाले कालोपत्रे गर्ने भएको छ । बगैँचाका शिशिर शाहीले सडक नबनाए पनि भत्किएको र जोखिमयुक्त ठाउँको संरक्षण गरिदिन माग गर्नुभयो ।

यो सडक स्तरोन्नति भएपछि पिप्ले, भगवती र बेगखोलाका तीन हजारभन्दा बढी घरधुरी लाभान्वित हुने बताइएको छ । सदरमुकाम बेनी जान-आउन, कृषिउपज निकासी, खाद्यान्नलगायत दैनिक उपभोग्य सामान ढुवानीका साथै बिरामीलाई समयमै अस्पताल पुर्‍याउन सकिने रघुगङ्गा-२ भगवतीका वडाध्यक्ष रिम कटुवालले जानकारीदिनुभयो ।

विसं २०६६ मा यो मार्ग खोलिएको यो सडक सामान्य मर्मत गरेर यातायातका साधन सञ्चालन हुँदै आएको थियो । साथै जीर्ण सडकमा जोखिम र कष्टपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २०३८/०३/२६ गते

स्वर्गारोहणः
वि.स. २०७८/०८/२ गते

**स्वः रामकुमार राई**

यस संस्थाका सल्लाहकार एवं वि पी मार्ग यूवा टोल विकास संस्थाका पूर्व अध्यक्ष **रामकुमार राई** को ४० वर्षको उमेरमा उपचारकै क्रममा असामयिक स्वर्गारोहणले हामी सबै स्तव्ध भएका छौं । उहाँको निधन भएको मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लक्ष्मण श्रेष्ठ**
**अध्यक्ष तथा**
**वि पी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३, वि पी मार्ग**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९१/०६/१८ गते

स्वर्गारोहणः
वि.स. २०७८/०६/२९ गते

**स्वः रूप कुमारी गुरूङ**

साविक अर्मला गा.वि.स. रेन्जित गाउँ (रिंजे नाँसा), हाल पोखरा महानगरपालिका वडा नं. १६ रेन्जित गाउँ बस्दै आउनु भएका यस परिवारका सदस्य आदरणीय श्री गणेश बहादुर गुरुङ ज्यूको ममतामयी माता **रूप कुमारी गुरूङ** को ८७ वर्षको उमेरमा असामयिक निधन भएको आज पितृकार्यको अवसरमा दिवंगत आत्माको चिरशान्ति, भगवान वुद्धको काखमा शरण मिलोस भनि कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथैं शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री धर्मराज गुरूङ**
**अध्यक्ष एवं**
**श्री म्रिलु लेम परिवार**
**पोखरा, कास्की**

# बागलुङ र म्याग्दी जोड्ने पुल बन्दै

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ मंसिर**

बागलुङको छिमेकी जिल्ला म्याग्दी जोड्ने अग्लो झोलुङ्गे पुल आइतबार शिलान्यास गरिएको छ। दुई जिल्ला जोड्ने ३८८ मिटर लामो र १७० मिटर अग्लो झोलुङ्गे पुलले स्थानीयवासीको यात्रालाई सहज बनाउने भएको छ।

बागलुङ नगरपालिका-४ कुँडुलेदेखि म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौर जोड्ने उक्त पुल आइतबार सांसद भूपेन्द्रबहादुर थापाले शिलान्यास गर्दै दुई जिल्लाको सम्बन्धलाई यस पुलले झन सुमधुर बनाउनाका साथै दुवै जिल्लामा उत्पादित कृषि वस्तुको बजारीकरणका लागि पनि सहयोग पुग्ने बताउनुभयो। उक्त पुलबाट स्थानीय पञ्चकोट शालग्राम सङ्ग्रहालयलगायत म्याग्दी,बागलुङ र पर्वतका धार्मिक तथा पर्यटकीय क्षेत्रमा आवतजावत गर्न सहज हुने स्थानीयवासीको धारणा छ।

बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले म्याग्दी र बागलुङको यातायातलाई जोड्न तथा दुवै जिल्लाको विकास निर्माणका लागि यो पुल कोसेढुङ्गा सावित हुने बताउनुभयो। पुल निर्माण समितिका अध्यक्ष कृष्ण बोगटीले रु तीन करोड ५० लाखको लागतमा पुल निर्माण हुन लागेको जानकारी दिनुभयो।

पुल निर्माण गर्नका लागि बानपा-४ कुडुले निवासी जयलाल सापकोटा, इन्द्र शर्मा र पशुपति सापकोटा लगायतले भुजेलचौरको करिब डेढ रोपनी जग्गा उपलब्ध गराउनुभएको छ। गत असोजको अन्तिम साता निर्माण सम्झौता भएको र आगामी असारमा पुल तयार भइसक्ने निर्माणको जिम्मा लिएको थानी हिमशिखर जेभीका नरहरि खड्काले बताउनुभयो। दैनिक सयौं सर्वसाधारण ओहोरदोहोर गर्ने ठूलो खोला खोँचमा पुल बनेपछि एक घण्टाको पैदलयात्रा पाँच मिनेटमै छोटिने छ।

# नमूना भेटेरिनरी अस्पताल निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ मंसिर**

सदरमुकाम दमौलीमा नमूना भेटेरिनरी अस्पताल निर्माण गर्न लागिएको छ।

अस्पताल निर्माण पश्चात् तनहुँलगायत तीन जिल्लाका किसान प्रत्यक्ष लाभान्वित हुने भएका छन्। तनहुँ, लमजुङ र गोरखा जिल्लाका व्यावसायिक रुपमा पशुपालन गर्ने किसानलाई यसबाट प्रत्यक्ष फाइदा पुग्ने भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जनाएको छ।

यसबाट पशु पन्छीको उपचारका लामो दूरी पार गरेर लागि काठमाडौं, पोखरा र चितवनजस्ता स्थान जानुपर्ने बाध्यतासमेत अन्त्य हुने भएको छ। भेटेरिनरी क्षेत्रमा आधुनिक सेवा प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा हाल पशुविज्ञ केन्द्र भएकै स्थानमा अस्पताल निर्माणकार्य अघि बढाइएको हो। रु १० करोडको लागतमा निर्माण गर्न लागिएको नमूना अस्पताल जिल्लाकै नमूना हुने केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले बताउनुभयो।

उक्त रकममध्ये पहिलो चरणमा रु चार करोड ९० लाख रकम विनियोजन गरी क्रमिक रुपमा निर्माण कामअघि बढाइएको छ। भवन निर्माणको लागि इको बिल्डर्स प्रालि चितवनसँग ठेक्का सम्झौता गरिएको थियो। अस्पतालमा शल्यक्रिया, थेरापी, सघन उपचार कक्ष, युएसजी सेवा र दुई प्रयोगशालासहित २३ वटा कोठा रहने बताइएको छ। नयाँ बन्ने भवन तीन तल्लाको हुनेछ। उक्त भवनमा तालिम तथा बैठक कक्ष र पुस्तकालयका अतिरिक्त कर्मचारी आवास कक्ष पनि बनाइने भएको छ। भौतिक संरचना पश्चात् आवश्यकपर्ने उपकरण र दक्षजनशक्तिको व्यवस्था गर्न प्रदेश सरकार समक्ष अनुरोध गरिने उक्त कार्यालयले जनाएको छ।

तनहुँ जिल्ला हाल मासु, दूध र अण्डामा आत्मनिर्भर हुनाका साथै बाह्य जिल्लामा समेत निर्यात गर्न सक्ने अवस्थामा पुगेको छ। 'नमूना अस्पताल निर्माण पश्चात् पशुपालन किसानले गुणस्तरीय सेवा पाउने भएका छन्।' उहाँले भन्नुभयो, 'पशुको उपचारका लागि लामो दूरी धाउनुपर्ने समस्या अन्त्य पनि हुने विश्वास गरिएको छ।'

# भू-उपग्रहसम्बन्धी अध्ययन गर्न चार कम्पनी छनोट

**रासस**
**काठमाडौं, ६ मंसिर**


नेपालको आफ्नै भू-उपग्रह (स्याटेलाइट) राख्न आवश्यक अध्ययनका लागि चार कम्पनी छनोट भएका छन्।

अन्तरिक्षमा आफ्नै भू-उपग्रह (स्याटेलाइट) प्रक्षेपण गर्ने सरकारको नीतिअनुसार परामर्श सेवा दिन गत कात्तिकमा आठ अन्तर्राष्ट्रिय कम्पनीले प्राविधिक र आर्थिक प्रस्ताव पेस गरेका थिए। प्रस्ताव पेस गरेका सो कम्पनीमध्येबाट प्राधिकरणले चार कम्पनी छनोट गरेको हो। प्राधिकरणले फ्रान्सको युरोकन्सल्ट, टर्कीको टर्कस्याट, युएईको एसथ्री टेल इङ्क र थाइल्यान्डको थाइकमलाई सट लिस्टमा राखेको हो। यी चार कम्पनीले बुझाएको प्राविधिक र आर्थिक मूल्याङ्कनका आधारमा उत्कृष्ट एक कम्पनीलाई स्याटेलाइट प्रक्षेपणसम्बन्धी काम सुरु गर्न प्राधिकरणले अनुमति दिनेछ।

यसअघि उत्कृष्ट कम्पनी नआएको भन्दै प्राधिकरणले स्याटेलाइट जडानको प्रक्रिया नै रद्द गरेको थियो। गत वर्षको मङ्सिरमा पुरानो प्रस्ताव रद्द गरेर प्राधिकरणले भू-उपग्रह स्थापनाको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन मोडालिटीको नीति तय गर्न नयाँ प्रस्ताव आह्वान गरेको थियो। प्राधिकरणको प्रस्तावअनुसार गत पुसमा विभिन्न देशका नौवटा कम्पनीले आशयपत्र बुझाएका थिए। आशयपत्र पेस गरेका नौ कम्पनीमध्ये प्राधिकरणले पाँच कम्पनीलाई प्राविधिक रूपमा योग्य ठहर गर्दै आर्थिक प्रस्ताव माग गरेको थियो। गत वर्ष अयोग्य भएको फालिएका फ्रान्सको युरो कन्सल्ट र युएईको एसथ्री टेल इङ्क पुनः छनोटमा परेका छन्। गत वर्ष दुई कम्पनीसहित अन्य चार कम्पनीले पठाएको आर्थिक प्रस्ताव अयोग्य भएको भन्दै प्राधिकरणले स्याटेलाइट जडानको प्रक्रिया नै रद्द गरेको थियो। प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले छनोटमा परेका चार कम्पनीसँग पहिलो चरणमा प्राविधिक र वित्तीय प्रस्तावको माग गरिने जानकारी दिनुभयो। उहाँका अनुसार सो कम्पनीबाट आएको प्रस्तावको अध्ययन गरी प्राधिकरणले भू-उपग्रह स्थापनासम्बन्धी आधारभूत कामहरूको जिम्मा एक कम्पनीलाई दिनेछ। सन् २०२२ भित्र आफ्नै स्याटेलाइट सञ्चालमा ल्याउने भन्दै गत वर्ष भू-उपग्रहसम्बन्धी नीति सार्वजनिक गरिएको थियो। यसअघि नेपालको आफ्नै स्याटेलाइट राख्ने गरी प्राधिकरणले २०७३ साल असोज २० गते आह्वान गरेको आशयपत्रमा १२ देशका २२ कम्पनीले स्याटेलाइट राख्न रुचि देखाएका थिए। अमेरिका, चीन, भारत, थाइल्यान्ड, सिङ्गापुर, क्यानडा, फ्रान्स, जापान, कोरिया, साउदी अरेबिया, रुस र इजरायलका गरी २२ कम्पनीले नेपालका लागि स्याटेलाइट राखिदिने रुचिसहित प्रस्ताव पेस गरेका थिए।

---

## हार्दिक समवेदना



जन्म
वि.सं १९९७/०३/२१

स्वर्गारोहण
वि.सं. २०७८/०७/२५

**स्व. हरि प्रसाद खनाल**

यस विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य शिक्षक प्रतिनिधी श्री बन्दना के.सी.का पुजनिय बुवा हरिप्रसाद खनालको असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौ।

**रामदत्त पौडेल**
प्रधानाध्यापक

**शिवराज बास्तोला**
वि.व्य.स. अध्यक्ष

तथा

**महेन्द्र माध्यमिक विद्यालय परिवार**
**नयाँबजार, पोखरा-९, कास्की**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९८९/०५/१० गते

स्वर्गारोहणः
वि.स. २०७८/०७/२५ गते

**स्वः देवी श्रीस (राना)**

नेपाल मगर संघ नमूना एकाई समिति पोखरा-१४ कास्कीका अध्यक्ष ओम श्रीस मगरको ममतामयी आमा बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. १० किटनी निवासी **देवी श्रीस (राना)** को ८९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**विना थापा मगर**
**उपाध्यक्ष तथा**
**नमूना एकाई समिति परिवार**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २०१८/०६/३० गते

स्वर्गारोहणः
वि.स. २०७८/०६/१९ गते

**स्वः हुमकुमारी गुरुङ**

साविक अर्मला गा.वि.स. रेन्जित गाउँ, हाल पोखरा महानगरपालिका वडा नं. १६ रेन्जित गाउँ एवं वुढानिलकण्ड नगरपालिका, काठमाडौं जिल्ला दुबै स्थानमा बस्दै आउनु भएका यस परिवारका उपाध्यक्ष रिंजे नाँसा (रन्जित गाउँ) होमस्टेका संचालक, विभिन्न संघ संस्थामा आवद्ध भइ समाज सेवा गरी रहनुभएका आदरणीय श्री शम्सेर बहादुर गुरुङ ज्यूको धर्मपत्नी **हुम कुमारी गुरुङ** को ६० वर्षको उमेरमा असामयिक निधन भएको आज पितृकार्यको अवसरमा दिवंगत आत्माको चिरशान्ति, भगवान वुद्धको काखमा शरण मिलोस भनि कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथैं शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री धर्मराज गुरुङ**
**अध्यक्ष एवं**
**श्री म्रिलु लेम परिवार**
**पोखरा, कास्की**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २०३८/०३/२६ गते

स्वर्गारोहणः
वि.स. २०७८/०८/२ गते

**स्वः रामकुमार राई**

यस पितृमोक्ष किरियाकर्म सेवा समितिका कार्य समितिका अति मिलनसार कर्मठ एवं सक्रिय सदस्य **रामकुमार राई** को ४० वर्षको उमेरमा उपचारकै क्रममा असामयिक स्वर्गारोहणले हामी सबै स्तव्ध भएका छौं। उहाँको निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**पुलेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष तथा**
**पितृमोक्ष किरियाकर्म सेवा समिति परिवार**
**पोखरा-१३**